प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/१०

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७०%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २५७२००(१००%) | १४०७०५(१००%) |
| निको भएको | २४८२९२(९६.५%) | १३५४८०(९६.२८%) |
| उपचाररत | ७०९२(२.७५%) | ४३२८(३.०७%) |
| मृत्यु भएको | १८१६(०.७०%) | ८९७(०.६३%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/०१०

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/०९

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ६८ | २७ | ९५ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २९ | ० | २९ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छ:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | २ | २ पुरुष |
| ललितपुर | १ | १ महिला |
| जम्मा — ३ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छ:

- काठमाडौंका ७३ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष ०८ गते निधन भएको छ । उहाँको मंशिर २४ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई चिनी सम्बन्धि रोगको समेत समस्या थियो।

- काठमाडौंका ५८ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष ०६ गते निधन भएको छ । उहाँको मंशिर २६ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई दम र उच्चरक्त चाप सम्बन्धि रोगको समेत समस्या थियो।

- ललितपुरकी ५० बर्षिया महिला कोभिड र निमुनियाका कारणले मंशिर १९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष ०८ गते निधन भएको छ । उहाँको मंशिर १७ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २५७७ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत

विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १७२९ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०४१४४७ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | संस्थागत आइसोलेशनमा बसेका | कै |
|---|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | | |
| काठमाण्डौ | ५७७०४० | ९५८६५ | २१२ | २१७४ | |
| ललितपुर | २६०२०२ | १५०४८ | ४७ | २०८ | |
| भक्तपुर | २३५४५ | ८७३५ | २० | ७५ | |
| रसुवा | ३३५६ | २११ | | ० | |
| नुवाकोट | ९७४३ | १४१८ | १३ | ० | |
| धादिङ | ६२५५ | १६७० | ५ | १ | |
| चितवन | ६३८२२ | ७२८६ | १८ | २७ | |
| सिन्धुली | २४०९ | ५५८ | १ | २ | |
| मकवानपुर | ३३९४३ | ४२८४ | ५ | १ | |
| रामेछाप | ३००७ | ५३७ | २ | १२ | |
| दोलखा | ३२६३ | ७११ | ५ | २९ | |
| काभ्रेपलान्चोक | ४८२०१ | ३४१९ | ४ | ४६ | |
| सिन्धुपाल्चोक | ६६६१ | ९६३ | २ | २ | |
| जम्मा | १०४१४४७ | १४०७०५ | ३३४ | २५७७ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख,*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब सं - ख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३९०० | २९ | २९ | मकवानपुर- ५ | २४ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १६९५० | ९३ | १०७ | काभ्रेपलान्चोक -२<br>सिन्धुपाल्चोक - १<br>दोलखा - ५<br>धादिंग - १ | ९८ | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४५० | ३१ | ३१ | नुवाकोट - ११<br>धादिंग - ५<br>फलोअप- ४ | ११ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १०६८ | १२ | १२ | फलोअप- १ | ११ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद !

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई